जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २३३ • २०८३ जेठ ३० गते शनिवार • 13 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# करका दर हेरफेर गरिएको विषयमा अर्थमन्त्री डा.स्वर्णिम वाग्लेको अभिव्यक्ति विवादित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ जेठ**



आर्थिक विधेयकमा करका दर हेरफेर गरिएको विषयलाई लिएर संसद् र संसदीय समितिमा भइरहेको छलफलका क्रममा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेको अभिव्यक्ति विवादित बनेको छ। आफूमाथि उठेका प्रश्नको जबाफ दिने क्रममा अर्थमन्त्री वाग्लेले सांसदहरूलाई लक्षित गर्दै फाइल खोल्ने र काण्डहरू सार्वजनिक गर्ने धम्कीपूर्ण भाषा प्रयोग गरेपछि प्रतिपक्षी सांसद बिच्चिएका हुन् । के भनेका थिए वाग्लेले ?


बिहीबार बिहान बसेको सार्वजनिक लेखा समितिको बैठकमा अर्थमन्त्री वाग्लेले विगतमा पनि आर्थिक विधेयक सच्याइने गरिएको दाबी गर्दै अहिले आफूले पनि सच्याएको स्वीकार गरेका थिए। तर, गल्ती स्वीकार गर्नुको सट्टा उनले पहिले ७३ ठाउँमा सशोधन भएकोमा आफूले ७ ठाउँमा मात्रै संशोधन गरेको भन्दै उनी उम्किने प्रयास गरे । उल्टो उनले पुराना फाइल खोल्ने चेतावनी दिँदै भने- 'हिजोकाले ७० वटा गरे, अहिले ६-७ वटा मात्रै सामान्य त्रुटि भएको हो ।' बिहीबार नै साँझ प्रतिनिधि सभाको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा जबाफ दिँदै अर्थमन्त्री वाग्लेले आफूमाथि लागेका भ्रष्टाचारका आरोपहरूको खण्डन गरे । करका दर हेरफेर गरेर निश्चित व्यापारीलाई पोसेको र २ अर्बको घोटाला गरेको भन्ने आरोप निराधार रहेको उनले दाबी गरे ।

'२ अर्ब होइन, २ रुपैयाँको मात्र बदमासी वा बेइमानी मबाट भएको प्रमाणित भए म मन्त्री पद र सार्वजनिक जीवन नै त्याग्न तयार छु,' उनले भने । सुशासनको कठोर एजेन्डा लिएर आएको दुई महिनामै जनतालाई धोका दिन नसक्ने जिकिर गर्दै उनले आफूमाथि प्रश्न उठाउने सांसदहरूलाई नै नैतिक उचाइ कायम राख्न चुनौती दिए ।

'मप्रति औंलो ठड्याउने माननीयज्यूहरूलाई पनि यही नैतिक उचाइ प्राप्त होस्। तपाईंका काण्डका बारेमा हामी अनभिज्ञ छैनौं, । ती पनि खुल्नेछन्,' संसद्मै अर्थमन्त्री वाग्लेले चेतावनी दिए । उनले व्यक्तिगत लाञ्छना लगाउनुअघि तथ्यमा आधारित हुन सांसदहरूलाई आग्रह गरेका थिए। प्रतिनिधि सभामा सांसदहरूको आपत्तिः उक्त विषयलाई लिएर शुक्रबारको प्रतिनिधि सभा बैठकमा सांसदहरुले आपत्ति जनाएका छन् । यसमा छानबिन गर्ने आवश्यकता महसुस भएको उनीहरुको भनाइ छ । प्रतिनिधि सभामा विशेष समय लिएर बोल्दै पूर्वअर्थमन्त्री समेत रहेका नेपाली कम्युनिष्ट पार्टीकी वर्षमान पुनले त अर्थमन्त्रीको यो अभिव्यक्तिसँगै सरकारले आर्थिक विधेयकमा गरेको हेरफेरको सम्बन्धमा संसदीय छानबिन समिति गठन गर्न माग नै गरेका छन्। उनले अर्थमन्त्रीले गरेका त्रुटि आर्थिक अपराध भएको भन्दै छानबिनको माग गरे ।

पूर्वमन्त्री पुनले यसअघि विपक्षी दलहरूले शङ्काको सुविधा दिए पनि अर्थमन्त्रीको धम्कीपूर्ण भाषाले छानबिन समिति अपरिहार्य भएको उल्लेख गरे । उनले आफूसमेत अर्थमन्त्री भएको भन्दै त्यतिबेलाको समेत छानबिन गर्न चुनौती दिए । उनले पुरानो र नयाँ भनेर विषयान्तर गरेको भन्दै आपत्ति जनाए । उनले विधेयकको प्रोसेस हुने र यो क्याबिनेटबाट पारित हुने भन्दै यसले संसदको मानहानि भएको बताए । पुनले भरतमोहन अधिकारीको समयमा बजेट लिक भएपछि बनेको छानबिन समितिले दिएको प्रतिवेदनका आधारमा अहिले बजेट बनाउने प्रक्रिया फलो भइरहेको स्मरण गराए ।

उनले खुलमखुला करको दर हेरफेर गर्नु आपत्तिजनक भएको बताए। त्यस्तै, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले पनि करका दर हेरफेरमाथिको आरोपलाई छानबिन गर्न माग गरे। मन्त्रीमाथि लागेको आरोपलाई आफ्नै कर्मचारीबाट छानबिन गराउने र प्रतिवेदन सार्वजनिक नभएको भन्दै अहिले र पहिलेदेखिकै छानबिन गर्नुपर्ने उनको भनाइ छ ।




# निर्वाचन आयोगको सुझावप्रति (तमलोपा) को कडा आपत्ति

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ जेठ**




तराई-मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) ले प्रतिनिधिसभाको संरचना परिवर्तन सम्बन्धी निर्वाचन आयोगको सुझावप्रति कडा आपत्ति जनाएको छ ।

पार्टीले आयोगको प्रस्तावले बहुदलीय लोकतन्त्र, समान नागरिक मताधिकार तथा समावेशी प्रतिनिधित्वको मूल मर्ममाथि प्रहार गर्ने जनाएको छ । पार्टीका केन्द्रीय अध्यक्ष वृषेशचन्द्र लालद्वारा जारी प्रेस विज्ञप्तिमा प्रत्येक जिल्लाबाट एक/एक जना प्रतिनिधिसभा सदस्य चयन गर्ने तथा समानुपातिकतर्फको संख्या २८ जनामा सीमित गरी कुल १०५ सदस्यीय प्रतिनिधिसभा बनाउने आयोगको सुझावप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरिएको छ । तमलोपाले संविधानअनुसार निर्वाचन आयोगको भूमिका निष्पक्ष रूपमा निर्वाचन गराउने तथा प्राविधिक एवं व्यवस्थापकीय सुधारका सुझाव दिनेसम्म सीमित रहेको दाबी गरेको छ ।

संविधान संशोधनजस्तो राजनीतिक विषयमा आयोगले धारणा सार्वजनिक गर्नु न नैतिक रूपमा उपयुक्त रहेको र न त विधिसम्मत भएको पार्टीको भनाइ छ। विज्ञप्तिमा आयोगको प्रस्ताव कार्यान्वयन भए जनसंख्याको आधारमा प्रतिनिधित्वको सिद्धान्त कमजोर हुने उल्लेख गरिएको छ । मधेश, थरुहट, बागमती र कोशी प्रदेशका बढी जनघनत्व भएका २५ जिल्लामा बसोबास गर्ने करिब ७५ प्रतिशत जनसंख्याले मात्र ३३ प्रतिशत प्रतिनिधित्व प्राप्त गर्ने, जबकि पहाड तथा हिमाली क्षेत्रका ५२ जिल्लाका २५ प्रतिशत जनताले ६६ प्रतिशत प्रतिनिधिसभा सदस्य चयन गर्ने अवस्था सिर्जना हुने तमलोपाको तर्क छ ।

पार्टीले संविधान संशोधनसम्बन्धी बहस अघि बढाउन गठित कार्यदलले संशोधनको आवश्यकता, औचित्य, उद्देश्य र अपेक्षित उपलब्धिबारे स्पष्ट प्रस्ताव सार्वजनिक गर्नुपर्ने मागसमेत गरेको छ । सुझाव संकलनको अभ्यासले केही समय जनताको ध्यान मोड्न सक्ने भए पनि त्यसबाट मुलुकले खोजेको दीर्घकालीन समाधान प्राप्त नहुने विज्ञप्तिमा उल्लेख छ ।

तमलोपाले संविधान संशोधनजस्तो संवेदनशील विषयलाई हल्का रूपमा नलिन आग्रह गर्दै गणतन्त्र, संघीयता र बहुदलीय लोकतन्त्रप्रति प्रतिबद्ध राजनीतिक शक्तिहरूबीच तत्काल एकता आवश्यक रहेको जनाएको छ ।






# म र मेरो समय

*समयको यो निर्दयी नदीमा*
*म एउटा सानो ढुङ्गा भएर अडिन खोज्दैछु*
*तर छालहरूले मलाई निरन्तर घोटिरहेका छन्*
*र हरेक दिन मेरो आकार अलिकति फेरिएको हुन्छ ।*
*मलाई याद छ–*
*म कहिलेकाहीँ आफ्नै छायाँसँग डराउँथेँ*
*तर आज, त्यही छायाँ मेरो एक मात्र भरपर्दो साथी भएको छ*
*भीडमा हराउनु भन्दा*
*एकान्तको मझेरीमा बसेर आफ्नै धड्कन सुन्नुमा*
*एउटा छुट्टै आनन्द भेटिएको छ ।*
*शहरका यी अग्ला घरहरूले*
*मेरो गाउँको क्षितिजलाई छिचोल्न सक्दैनन्*
*यहाँका मान्छेहरू दौडिरहेका छन–*
*तर कसैलाई थाहा छैन गन्तव्य कहाँ छ ?*
*सबैको हातमा घडी छ,*
*तर कसैसँग पनि समय छैन ।*
*मैले एउटा रुखबाट सिकेको छु–*
*पातहरू झर्नु भनेको अन्त्य हुनु होइन*
*फेरि नयाँ पालुवा पलाउने संकेत हो ।*
*त्यसैले त,*
*म हरेक रात आफ्ना थकाइहरूलाई सिरानी हालेर सुत्छु*
*र हरेक बिहान एउटा नयाँ सपना बोकेर ब्यूँझन्छु ।*
*मलाई कुनै महान् दर्शन लेख्नु छैन*
*मात्र यति लेख्नु छ कि–*
*म बाँचेको यो युगमा*
*मान्छेले मान्छेलाई चिन्न छोडेको बेला*
*मैले कम्तीमा आफूलाई चिन्न सकेँ कि सकिनँ ?*
*यो दौडधुपको बीचमा*
*कहिलेकाहीँ म टक्क उभिन्छु*
*र आकाशतिर हेरेर मुस्कुराउँछु–*
*शायद, जिन्दगी भनेकै यही एउटा मुस्कान*
*र अर्को एउटा लामो सासको अन्तराल त हो !*

***जिजिविशा (सावरी)***

# मधेश प्रदेशका पर्यटकीय गन्तव्य, संस्कृति तथा स्थानीय परिकारको प्रवर्द्धन गर्ने उद्देश्यले 'मधेश ट्राभल मार्ट' सुरु

**जलेश्वरटुडे समाचारदाता**
**बारा, २९ जेठ**




मधेश प्रदेशका पर्यटकीय गन्तव्य, संस्कृति तथा स्थानीय परिकारको प्रवर्द्धन गर्ने उद्देश्यले 'मधेश ट्राभल मार्ट' सुरु भएको छ । नेपाल पर्यटन बोर्डको आयोजनामा हुन लागेको मार्टबारे नेपाल एशोसियसन अफ ट्राभल्स एण्ड टुर्स अपरेटर (नाट्टा) मधेश प्रदेशले बाराको सिमरामा पत्रकार सम्मेलन गरी जानकारी दिएको हो ।

नाट्टा मधेश प्रदेशका अध्यक्ष मोहन शर्माले मार्टअन्तर्गत वीरगञ्ज, बारा र जनकपुरधाममा विभिन्न कार्यक्रम आयोजना गरिने जानकारी दिए । उनका अनुसार मधेश प्रदेशका आठवटै जिल्लाका पर्यटकीय स्थल, सांस्कृतिक सम्पदा तथा स्थानीय खानालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने लक्ष्यसहित कार्यक्रम आयोजना गरिएको हो । 'बारा पर्सासहित मधेशका आठै जिल्लाको पर्यटन सम्भावनालाई एकीकृत रूपमा प्रस्तुत गर्दै भारतीय बजारसम्म पुर्याउने उद्देश्य हाम्रो छ,' अध्यक्ष शर्माले भने । मार्टको औपचारिक उद्घाटन शुक्रबार वीरगञ्जमा हुनेछ । त्यसपछि सहभागीहरूलाई मधेशका विभिन्न पर्यटकीय तथा सांस्कृतिक स्थलहरूको अवलोकन गराइने कार्यक्रम तय गरिएको छ। कार्यक्रमको सचिवालय बाराको जीतपुरसिमरा उपमहानगरपालिकामा राखिएको छ भने वीरगञ्ज महानगरपालिका र बर्दिबास नगरपालिकाले समेत सहकार्य गरेका छन्। आयोजकका अनुसार चार दिनसम्म सञ्चालन हुने मार्टमा नेपाल र भारतका विभिन्न सहरबाट दुई सयभन्दा बढी पर्यटन व्यवसायी, टुर अपरेटर, कन्टेन्ट क्रियटर तथा पर्यटकहरूको सहभागिता रहनेछ । कार्यक्रममा 'बी-टु-बी' बैठक, पर्यटन प्रवर्द्धन सम्बन्धी अन्तरक्रिया तथा सांस्कृतिक प्रस्तुति समेत समावेश गरिएको छ । नेपाल पर्यटन बोर्ड र स्थानीय तहहरूको सहलगानीमा आयोजना गरिएको कार्यक्रमले मधेश प्रदेशको पर्यटन क्षेत्रलाई नयाँ उचाइमा पुर्याउने विश्वास गरिएको छ ।

विशेषगरी धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्व बोकेका मधेशका गन्तव्यहरूलाई भारतीय पर्यटन बजारसँग जोड्ने तथा सीमापार पर्यटन प्रवर्द्धन गर्ने लक्ष्य मार्टले राखेको आयोजकले जनाएको छ । पर्यटन व्यवसायीहरूले यस्तो कार्यक्रमले मधेश प्रदेशको पहिचान, संस्कृति र पर्यटन सम्भावनालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन् ।

# अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन प्रहरी र समुदायबीचको सहकार्य अपरिहार्य: महतो

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ जेठ**



मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन प्रहरी र समुदायबीचको सहकार्य अपरिहार्य रहेको बताएका छन् ।

जनकपुरधाममा आयोजित मधेश प्रदेशस्तरीय एकदिवसीय अपराध अनुसन्धान समीक्षा गोष्ठीलाई सम्बोधन गर्दै मन्त्री महतोले अपराध नियन्त्रण तथा अनुसन्धानमा समुदायको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गरे । उनले समुदाय-प्रहरी साझेदारी कार्यक्रमलाई अझ प्रभावकारी र परिणाममुखी बनाउँदै अघि बढाउनुपर्नेमा जोड दिए ।

मन्त्री महतोले नेपालको संविधानले प्रदेश सरकारलाई शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने जिम्मेवारी दिएको उल्लेख गर्दै प्रदेश सरकार सुरक्षा निकायलाई आवश्यक सहयोग गर्न प्रतिबद्ध रहेको बताए । उनले जनशक्तिको अभाव, अनुसन्धानमा दक्ष प्रहरी जनशक्ति कमी तथा फोरेन्सिक प्रयोगशालाजस्ता पूर्वाधारको अभावका कारण प्रदेशमा शान्ति सुरक्षा व्यवस्थापन चुनौतीपूर्ण बनेको स्वीकार गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक (एआईजी) सुनिल सिंह राठौरले सूचना प्रविधिको दुरुपयोगसँगै अपराध अनुसन्धानका चुनौतीहरू थपिँदै गएको बताए । उनले गलत सूचना, डीपफेक सामग्री तथा घृणायुक्त अभिव्यक्तिले अनुसन्धान प्रक्रियालाई जटिल बनाइरहेको उल्लेख गरे । साथै आर्थिक तथा वित्तीय अपराधको बदलिँदो स्वरूपले पनि प्रहरी अनुसन्धानलाई थप चुनौतीपूर्ण बनाएको उनको भनाइ थियो ।

गोष्ठीमा मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक (डीआईजी) गोविन्द थपलिया, उच्च अदालत जनकपुरका कायममुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर, धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललगायतले अपराध अनुसन्धानको प्रभावकारिता, अन्तरनिकाय समन्वय तथा सुरक्षा व्यवस्थाका विषयमा धारणा राखेका थिए । कार्यक्रममा प्रदेशका विभिन्न जिल्लाबाट आएका प्रहरी अधिकारी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो । उनीहरूले अपराध अनुसन्धानमा देखिएका चुनौती, अनुभव र सुधारका उपायबारे छलफल गरेका थिए ।

## तपाईको टुडे

मेष: लामो यात्राको योग छ
वृष: मनमा पछुतो आउने
मिथून: विचार गरेर बोल्नुहोला
कर्कट: अनावश्यक चिन्ता
सिंह: अनावश्यक खर्चको संभावना
कन्या: खानपानमा समस्या आउने
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: आम्दानी हुने
धनु: मित्रतामा फाटो आउने
मकर: पिछडेको साथी मिल्ने
कूम्भ: शुभ कार्यको शुरुवात
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव


**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु





### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

## उत्तर कोरियामा ड्रोन पठाएको आरोपमा दक्षिणका पूर्वराष्ट्रपतिलाई ३० वर्षको जेल सजाय

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ जेठ**



दक्षिण कोरियाको एउटा अदालतले पूर्व राष्ट्रपति युन सुक योललाई उत्तर कोरियामा ड्रोन पठाएको आरोपमा ३० वर्षको जेल सजाय सुनाएको छ ।

सरकारी वकिलहरूले युनले सन् २०२४ को अक्टोबरमा प्योङयाङलाई उक्साउन र त्यसै वर्षको अन्त्यतिर आफूले चाल्न लागेको सैन्य कानुन (मार्शल ल) को असफल कदमका लागि बहाना बनाउन सो सैन्य अपरेसनको आदेश दिएको जिकिर गरेका थिए । जब युनले डिसेम्बर ३ मा सैन्य कानुनको घोषणा गरे, तब उनले उत्तर कोरियाप्रति सहानुभूति राख्ने ‘राज्य-विरोधी’ शक्तिहरूबाट देशलाई जोगाउन यसो गरेको दाबी गरेका थिए । तर, उनी देशभित्रको राजनीतिक संकट र आफ्ना व्यक्तिगत समस्याहरूका कारण प्रेरित भएको कुरा चाँडै पता लाग्यो । त्यसपछि देशव्यापी चर्किएको जनविरोधका कारण उनले सो आदेश फिर्ता लिएका थिए । युनमाथि महाभियोग लगाइयो । र, आफ्नो असफल सैन्य कानुनको प्रयास मार्फत विद्रोह गरेको अभियोगमा जन्मकैदको सजाय पाएपछि उनी अहिले जेलमा छन् ।

शुक्रबार सियोल जिल्ला अदालतले युनका साथै उनका पूर्व रक्षा मन्त्री किम योङ-ह्युन, डिफेन्स काउन्टरइन्टेलिजेन्स कमान्डका पूर्व प्रमुख यो इन-ह्युङ र ड्रोन अपरेसन कमान्डका पूर्व प्रमुख किम योङ-दाईलाई देशद्रोह र सत्ताको दुरुपयोगमा दोषी ठहर गरेको छ । अदालतले पूर्व रक्षा मन्त्री किमलाई ३० वर्ष र यो इन-ह्युङलाई १५ वर्षको जेल सजाय सुनाएको छ भने किम योङ-दाईलाई पाँच वर्षको निलम्बित सजायसहित तीन वर्षको जेल सजाय दिएको छ ।

अदालतले भन्यो, ‘प्रतिवादीहरूले संकटकालीन अवस्था सिर्जना गर्ने उद्देश्यले उत्तर कोरियालाई उक्साउनका लागि एउटा सैन्य अपरेसनको बहाना बनाएका थिए ।’

## ‘गौँथली’को ‘आँखाभरि आँसु’मा बेहुला बेहुली अवतारमा अरुण र सिमरन

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ जेठ**



फिल्म ‘गौँथली’को पहिलो गीत ‘आँखाभरि आँसु’ सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौँमा आयोजित एक कार्यक्रमका बिच सार्वजनिक गीतमा थानेश्वर गौतम र शान्तिश्री परियारको स्वर छ ।

गीतमा डा. भोला रिजालको शब्द तथा गायक गौतम स्वयंको संगीत छ । तीन दशक अघि गाउँघरमा हुने विवाहको परिवेशमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकार अरुण क्षेत्री र सिम्रन पन्तको बेहुला बेहुलीको रूपमा देखिएका छन् । उनीहरूको विवाह भइरहेको भिडियोमा देख्न सकिन्छ । माइतीघर छाडेर जान लागेकी छोरीले परिवारप्रति गरेको गुनासो र आमाबुबाले नरोई जान गरेको आग्रहलाई गीतले मर्मस्पर्शी रूपमा प्रस्तुत गरेको छ ।

डा. भोला रिजालका छोरा डा. कपिल रिजालको निर्देशनमा बनेको फिल्ममा अरुण र सिम्रनसहित मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, अरुण क्षेत्री, लुनिभा तुलाधर, रवीन्द्र झा, ईश्वरी बराल, संयोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना, अंशु ओली, प्रिन्स नेपाली, राजेन्द्र नेपाली लगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ । भोला रिजाल प्रोडक्सन र सुमन गिरी प्रोडक्सनको प्रस्तुतिमा बनेको फिल्मका निर्माता सुमन गिरी (भान्जा) र डा. कपिल रिजाल हुन् ।

सरला रिजाल कार्यकारी निर्मातामा छिन् । फिल्ममा हरि हुमागाईंको छायांकन तथा कपिल रिजाल, निश्चल कुँवर, शिव शर्मा, अभिमन्यू निरवी, निरज नेपाल र गिरिराज घिमिरेको लेखन रहेको छ । फिल्मको कथा भने डा. भोला रिजालको हो ।

## १४ मिनेटमा दुई गोल गर्दै दक्षिण कोरियाको पुनरागमन जित

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ जेठ**



दोस्रो हाफमा १४ मिनेटमा दुई गोल फर्काउँदै दक्षिण कोरियाले चेक रिपब्लिकमाथि २-१ को जितसहित फिफा विश्वकप २०२६ मा सुखद सुरुवात गरेको छ । मेक्सिकोको ग्वाडालजारा रंगशालामा भएको खेलमा सुरुवाती अग्रता जोगाउन नसक्दा चेक रिपब्लिक दक्षिण कोरियासँग २-१ ले पराजित हुन पुग्यो ।

दक्षिण कोरियाले चेकियाविरुद्ध विश्वकपमा पहिलो जित हासिल गरेको हो । १२औं पटक विश्वकप खेलिरहेको दक्षिण कोरिया विश्वकपको पहिलो खेलमै जित निकालेको यो चौथोपटक हो । ५९औं मिनेटमा लादिस्लाभ क्रेज्की गोल गर्दै चेक रिपब्लिकलाई अग्रता दिलाएका थिए । तर, अग्रता जोगाउन सकेन । त्यसको ८ मिनेटपछि दक्षिण कोरियाले बराबरी गोल फर्कायो । ह्वाङ इनबियोमले ६७औं मिनेटमा गोल गर्दै टोलीलाई बराबरीमा ल्याए । खेलको ७७औं मिनेटमा फ्रिकिकमार्फत आएको बललाई हेडरमार्फत चेक रिपब्लिकका थोमस सुसेकले गोलको दिशा दिएका थिए । तर, अफसाइड पोजिसनमा हुँदा गोलले मान्यता पाएन । ८०औं मिनेटमा दक्षिण कोरियाले अग्रता लियो ।

ओएच ह्योङ्युले गोल गर्दै दक्षिण कोरियालाई जितको बाटो देखाए । त्यसपछि दुवै तर्फबाट गोल हुन सकेन र दक्षिण कोरिया विजयी भयो । समूह ‘ए’ मा पहिलो जित निकालेको दक्षिण कोरिया ३ अंक जोड्दै दोस्रो स्थानमा पुगेको छ ।

## कुमारी बैङ्कद्वारा गणतन्त्र नेपालको पहिलो रियल-टाइम ईआरपी-एकीकृत डिजिटल लेन्डिङ प्लेटफर्म सार्वजनिक

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २९ जेठ**




कुमारी बैङ्क लिमिटेडले नेपालमा डिजिटल बैङ्किङलाई नयाँ उचाइमा पुऱ्याउने उद्देश्यले आईएमएस सफ्टवेयर प्रालिको सहकार्यमा गणतन्त्र नेपालको पहिलो रियल-टाइम ईआरपी-एकीकृत डिजिटल लेन्डिङ प्लेटफर्म सार्वजनिक गरेको छ ।

यो प्लेटफर्ममार्फत बैङ्कले आफ्ना व्यवसायी ग्राहकहरूलाई आईएमएस को ईआरपी सफ्टवेयरबाटै ऋण उपलब्ध गराउने छ। यसले लामो कागजी प्रक्रिया र शाखा कार्यालय जानुपर्ने झन्झट हटाउने छ । यो प्लेटफर्मले ऋण आवेदन, स्वीकृति, वितरण र भुक्तानीसम्मको सम्पूर्ण प्रक्रिया डिजिटल माध्यमबाट सम्पन्न गर्न सहज बनाउने छ । ईआरपी प्रणालीसँगको प्रत्यक्ष एकीकरण मार्फत बैङ्कले व्यवसायको बिक्री, कारोबार र वित्तीय तथ्याङ्कजस्ता वास्तविक समय (रियल-टाइम) डाटाका आधारमा ऋण योग्यता मूल्याङ्कन गर्न सक्नेछ ।

यस डाटा-आधारित प्रणालीले छिटो र सही निर्णय लिन सहयोग गर्नेछ र परम्परागत ऋण प्रक्रियाभन्दा फरक तरिकाले व्यवसायहरूलाई वित्तीय पहुँच उपलब्ध गराउनेछ । यसअन्तर्गत ईआरपी प्रयोग गर्ने व्यवसायहरूले आफ्नो सञ्चालनका आधारमा रु. ५०,००,००० सम्मको रनिङ क्यापिटल ऋण (वर्किङ क्यापिटल लोन) प्राप्त गर्न सक्नेछन् ।

यो ऋण १२ महिनासम्मको समान मासिक किस्ता (ईएमआई) मार्फत तिर्न सकिने व्यवस्था गरिएको छ । यो पहल नेपाल राष्ट्र बैङ्को डिजिटल लेन्डिङ मार्गदर्शनअनुसार डिजिटल ऋण सेवा विस्तार र ऋण पहुँच बढाउने लक्ष्यसँग मिल्दो छ ।

## मधेश प्रदेश सरकारद्वारा टुक्रे योजनालाई निरुत्साहित गर्दै एक करोड रुपैयाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, २९ जेठ**



मधेस प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा टुक्रे योजनालाई निरुत्साहित गर्दै एक करोड रुपैयाँभन्दा कम लागतका योजना समावेश नगर्ने नीति लिएको छ ।

बिहीबार प्रदेश सभा बैठकमा अर्थमन्त्री युवराज भट्टराईले प्रस्तुत गरेको मधेस प्रदेश विनियोजन विधेयक, २०८३ का सिद्धान्त र प्राथमिकतामा यस्तो व्यवस्था गरिएको हो । विधेयकमा सडक, ऊर्जा, सहरी तथा डिजिटल पूर्वाधारको विकासलाई एकीकृत दृष्टिकोणबाट अघि बढाइने उल्लेख गरिएको छ । टुक्रे आयोजनाभन्दा दीर्घकालीन महत्वका प्रादेशिक गौरव र बहुवर्षीय आयोजनामा स्रोत केन्द्रित गरिने सरकारको नीति छ । सरकारले अनुत्पादक खर्च कटौती गर्दै शून्य बेरुजुको नीति कडाइका साथ लागू गर्ने बताएको छ। सुशासनलाई नागरिकले प्रत्यक्ष अनुभूति गर्ने गरी राज्यलाई उत्तरदायी र प्रविधिमैत्री बनाइने तथा शासकीय सुधारका कार्यक्रम कार्यान्वयन गरिने अर्थमन्त्री भट्टराईले बताए । कृषि क्षेत्रमा रहेको बिचौलिया संयन्त्र हटाई डिजिटल किसान परिचयपत्र मार्फत अनुदान रकम सिधै कृषकको बैंक खातामा जम्मा गरिने नीति लिइएको छ ।स्वास्थ्यतर्फ प्रादेशिक अस्पतालहरूलाई गम्भीर रोगको उपचार सेवासहित सुविधा सम्पन्न शिक्षण अस्पतालका रूपमा स्तरोन्नति गरिने उल्लेख गरिएको छ । स्थानीय तहको सहलगानीमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिने तथा अति विपन्न, दलित र सीमान्तकृत समुदायको स्वास्थ्य बीमाको प्रिमियम प्रदेश सरकारले व्यहोर्ने गरी पूर्ण स्वास्थ्य बीमा अभियान सञ्चालन गरिने जनाइएको छ ।

## सातौं वार्षिक प्रतिवेदन मधेश प्रदेश प्रमुखसमक्ष पेश

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २९ जेठ**



मुस्लिम आयोगले आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कामकारवाही समेटिएको सातौं वार्षिक प्रतिवेदन मधेश प्रदेश प्रमुखसमक्ष पेश गरेको छ । प्रदेश प्रमुख कार्यालयका अनुसार मुस्लिम आयोगका कार्यवाहक अध्यक्ष अलीले शुक्रबार प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णसमक्ष उक्त प्रतिवेदन बुझाएका हुन् ।

नेपालको संविधानको धारा २९४ को उपधारा (३) बमोजिम तयार गरिएको प्रतिवेदनमा आयोगले गत आर्थिक वर्षभरि गरेका गतिविधि, कार्यक्रम तथा उपलब्धिहरू समेटिएका छन् । प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख कर्णले आयोगले मुस्लिम समुदायका हक, हित र अधिकार संरक्षणका लागि खेलेको भूमिकाको प्रशंसा गर्दै प्रतिवेदनमा उठाइएका विषयवस्तुले नीति निर्माण तथा कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे । मुस्लिम आयोगले समुदायका समस्या, चुनौती तथा समाधानका उपायबारे अध्ययन, अनुसन्धान तथा सरोकारवाला निकायसँग समन्वय गर्दै विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । प्रदेश प्रमुख कार्यालयका प्रवक्ता संजिप कुमार दुब्बेका अनुसार प्रतिवेदन संविधानले व्यवस्था गरेअनुसार औपचारिक रूपमा प्रदेश प्रमुखसमक्ष पेश गरिएको हो ।

# बजेट : भाषणमा महिलामैत्री, कार्यान्वयनमा विभेद




-नेपालमा गणतन्त्र स्थापनापछि महिला अधिकारको क्षेत्रमा कानूनी र संवैधानिक रूपमा ऐतिहासिक फड्को मारे पनि आर्थिक सशक्तीकरणको पाटो अझै कमजोर रहेको छ। सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेटमार्फत महिला उद्यमीलाई सहुलियत र विभिन्न महिलालक्षित कार्यक्रमका लागि २ अर्ब २७ करोड रुपैयाँ विनियोजन गरेको छ । सङ्घीय कानून र बजेटको प्रभावकारी कार्यान्वयन नहुँदा स्थानीय तहका महिलाहरू अझै पनि संरचनात्मक गरिबी, विभेद र हानिकारक प्रथा भोग्न बाध्य छन् ।

नेपालमा चाँडो र व्यावहारिक परिवर्तन भएको क्षेत्र भनेको महिला अधिकारको हो। यसमा दुईमत छैन । गणतन्त्रको सबैभन्दा ठूलो र प्रत्यक्ष उपहार नेपाली महिलाका लागि प्राप्त संवैधानिक र कानूनी ग्यारेन्टी नै हो । यद्यपि, सीमान्तकृत, पिछडिएको वर्गदेखि ओझेलमा पारिएका भनिएका समुदायको अवस्था सोचे अनुरूप परिवर्तन भइसकेको छैन। नेपालको संविधान २०७२ ले महिला अधिकारलाई धारा ३८ अन्तर्गत मौलिक हककै रूपमा स्थापित गरेको र अधिकारकर्मीहरूले पनि सशक्त आवाज उठाएकाले महिला अधिकारको क्षेत्र जुरुक्कै माथि उठेको कुरालाई नकार्न सकिंदैन । नेपालको संविधानले राज्यका हरेक निकायमा महिलाहरूको कम्तीमा ३३ प्रतिशत सहभागिता अनिवार्य मात्र गरेको छैन, इतिहासमै पहिलो पटक वंशजको अधिकार र प्रजनन स्वास्थ्यको अधिकारलाई पूर्णरूपमा सुरक्षित गरिदिएको छ। महिला अधिकारका क्षेत्रमा देखिएको अभूतपूर्व परिवर्तनलाई सामान्य मान्नुहुँदैन । महिला अधिकारको क्षेत्रमा कानूनी रूपमा नेपालले ऐतिहासिक फड्को मारेको छ। नयाँ मुलुकी देवानी र फौजदारी संहितामा 'सम्पत्तिमा छोरा र छोरी बीचको भेदभाव' पूर्णरूपमा अन्त्य गर्नुका साथै जबर्जस्ती करणी, घरेलु हिंसा, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण गर्ने कडा कानूनी प्रावधान रहेका छन् । विगतमा सामाजिक रूपमा दबाइएका विषयहरू आज कानूनी रूपमै हक र न्यायका मुद्दा बनेका छन्। विगत डेढ दशकभन्दा लामो गणतान्त्रिक अभ्यासलाई फर्केर हेर्दा नेपाली महिलाहरूले हासिल गरेका उपलब्धिहरू गौरवपूर्ण र रूपान्तरणकारी छन् ।

गणतान्त्रिक व्यवस्थाले वास्तवमा महिलाहरूको अवस्थामा ठूलो परिवर्तन ल्याइदिएको छ। यो काम वास्तवमा नेपाली काङ्ग्रेस, एमाले लगायत परिवर्तनकारी दलहरूको नेतृत्वमा सम्भव भएको हो। हाल सरकारको नेतृत्व गरिरहेको दल यो संविधान निर्माणको बेला जन्मिएकै थिएन । अधिकारका कुराहरू स्थापित गर्ने सवालमा नेपाल नमूना देशमा गणना हुन्छ भन्दा अप्ठ्यारो मान्नुपर्दैन। तर, महिलाहरूको जीवनस्तर वा आर्थिक अवस्था सुधार गर्नुपर्ने सन्दर्भमा भने अझै थुप्रै काम गर्न बाँकी छन् । राजनीतिक अधिकार दिगो हुनका लागि आर्थिक र सामाजिक सशक्तीकरण अनिवार्य शर्त हो। आर्थिक सशक्तीकरणका सन्दर्भमा गणतान्त्रिक नेपालमा आएका बजेट वक्तव्यहरू महिलामैत्री हुन सकिरहेका छैनन् ।

महिलाको हकमा गरिएको लगानीलाई प्रतिफलयुक्त बनाइनु नै आजको आवश्यकता हो। बजेट भाषणमा गरिएको अनुदानलाई समृद्धि, स्थायित्व र दिगोपनमा रूपान्तरण गर्न सकियो भने मात्र बजेटको सान्दर्भिकता देखिनेछ। महिलाको नाममा जग्गा वा घर पास गर्दा मालपोत करमा दिइने विशेष छुट, महिला उद्यमशीलता विकास कोष र विना धितो सहुलियतपूर्ण ऋण जस्ता पुराना कार्यक्रमहरू तारिफयोग्य भए पनि वर्षेनि आउने आर्थिक वर्षका बजेट अझै महिलामैत्री वा प्रगतिशील बन्न सकिरहेका छैनन् । सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट मार्फत महिला उद्यमशीलता, सुरक्षित सार्वजनिक यातायात, स्वास्थ्य सेवा र मातृ सुरक्षालाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम घोषणा गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले महिलाको आर्थिक सशक्तीकरण देखि स्वास्थ्य सुरक्षासम्म केन्द्रित योजनाहरू अघि सारेका छन् ।

विशेष आर्थिक क्षेत्रमा महिला उद्यमीलाई प्राथमिकता दिने, महिला उद्यमीलाई कर्जा प्रवाहमा थप सहुलियत प्रदान गर्ने साथै स्थानीय तहमा महिला उद्यमशीलता विकासका लागि जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने कुरालाई सकारात्मक मान्न सकिन्छ । त्यस्तै, महिलाको सुरक्षित आवागमन सुनिश्चित गर्न सीसीटीभी सहितको आधुनिक 'ब्लु बस' सेवा सञ्चालन गर्नेदेखि नर्सिङ कर्मचारीको रात्रि ड्युटी भत्ता दोब्बर बनाउने कुरा, महिला स्वास्थ्य स्वयंसेविकालाई दिइँदै आएको यातायात खर्चमा पनि ५० प्रतिशत वृद्धि गरिएको प्रसङ्ग सकारात्मक छन् भन्न हामीले कन्जुस्याइँ गर्नुहुँदैन । मातृ तथा शिशु मृत्युदर न्यूनीकरणदेखि महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलक्षित कुल २ अर्ब २७ करोड रुपैयाँ विनियोजन गरिएको कुरालाई सम्मान गर्नैपर्छ। तर, यतिमा मात्र चित्त बुझाउने अवस्था छैन। त्यस्तै महिलामैत्री बजेट कार्यान्वयनको पाटोलाई गम्भीर रूपमा विश्लेषण गर्नुपर्ने देखिन्छ । आर्थिक वर्षको बजेट विनियोजन, खर्चको प्रवृत्ति तथा लैङ्गिक उत्तरदायी बजेट अभ्यासको अवस्था हेर्दा ठूलो खाडल देख्न सकिन्छ। महिलामैत्री तथा महिलालक्षित बजेट विनियोजन र खर्चको प्रभावकारितालाई हेर्ने हो भने सन्तुष्ट हुने ठाउँ छैन ।


स्थानीय वा प्रदेश तहमा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी विद्यमान निर्देशिकाहरू सङ्घीय संरचना अनुसार परिमार्जन नहुँदा त्यसको असर तल्लो तहका महिलाहरूमाथि परिरहेको छ । त्यसैले समावेशी विकास, सामाजिक न्याय, लैङ्गिक समानता तथा दिगो विकास लक्ष्य हासिल गर्न लैङ्गिक उत्तरदायी बजेट प्रणालीको प्रभावकारी कार्यान्वयन अपरिहार्य भइसकेको छ । वास्तवमा गणतन्त्र स्थापना भएपछिको अवधिमा नेपालले लैङ्गिक समानता र महिला सशक्तीकरणको क्षेत्रमा हासिल गरेको उपलब्धि विश्वकै लागि उदाहरणीय रहे पनि सङ्घीय कानून सबै तहमा समान रूपले कार्यान्वयनमा नआउँदा बजेट कार्यान्वयनको पाटो सन्तोषजनक छैन । बजेट निर्माण, कार्यान्वयन र मूल्याङ्कनको सबै चरणमा महिलाको अवस्था र आवश्यकता बुझ्ने परम्परा नहुँदा विभेद अन्त्य नभएको भान हुने गर्छ। वास्तवमा शिक्षित महिलाले पनि राज्यको बजेटमा आफ्नो प्रतिनिधित्व भएको महसुस गर्न सकिरहेका छैनन् ।

सबल र सक्षम महिलाहरू पनि निर्णय गर्ने तहमा कमजोर हुँदा बजेटको अनुभूति गर्न नसक्नु दुर्भाग्यपूर्ण छ। आयआर्जन वा आफ्नो पेशामा सफल भएका महिलाहरू पनि परम्परागत सोच र संस्कारका कारण आफ्नै घरभित्र, कार्यालय र (अ)सामाजिक सञ्जालमा प्रताडित बनिरहनुपरेको छ । त्यसैले शिक्षित महिलाहरूलाई आर्थिक निर्णयमा अधिकारसम्पन्न बनाउने नीति अवलम्बन गर्नु अत्यन्तै आवश्यक छ । संरचनात्मक गरिबी र विभेदः नेपालमा महिलाहरूले पितृसत्तात्मक मान्यता, संरचनात्मक गरिबी र विभेदपूर्ण नागरिकता सम्बन्धी कानूनका कारण एकअर्कासँग जोडिएका विभिन्न चुनौतीको सामना गरिरहेका छन् । यहाँ मुख्य समस्याका रूपमा सीमित सम्पत्ति अधिकार, व्यापक लैङ्गिक हिंसा, समाजमा जरो गाडेर बसेका हानिकारक सांस्कृतिक प्रथाहरू र आर्थिक सीमान्तकरण रहेका छन् । संविधानले निर्दिष्ट गरेको अधिकारलाई पालना गरिए तापनि बजेटको सन्दर्भमा महिलालाई कमजोर बनाउने परम्परा जीवितै रहेकाले गणतन्त्र स्थापनापछिका हरेक बजेटहरू निष्प्रभावकारी बनिरहेका छन् ।

**साभार : अनलाइन खबर ।**

# अपहरणमा परेका कपडा व्यवसायी चौधरी नौ दिनपछि सकुशल घर फर्किएका

जलेश्वरटुडे समाचारदाता
महोत्तरी, २९ जेठ



अपहरणमा परेका भारतीय कपडा व्यवसायी राजकिशोर चौधरी नौ दिनपछि सकुशल घर फर्किएका छन् ।

भारतको बेला परिहारबाट अपहरणमा परेका चौधरीलाई अपहरणकारीहरूले नेपाल-भारत सीमाक्षेत्रअन्तर्गत महोत्तरीको जलेश्वर-लोहरपट्टी नजिक छाडेको बताइएको छ । परिवार स्रोतका अनुसार चौधरीको जेठ १८ गते (१ जुन) अपहरण गरिएको थियो । अपहरणपछि उनलाई नियन्त्रणमा राखी फिरौती असुल्ने उद्देश्यले नेपालतर्फ ल्याइएको हुन सक्ने आशंका गरिएको छ । अपहरणकारीहरूले लोहरपट्टी नजिक छाडेपछि उनी परिवारको सम्पर्कमा आएका हुन् । यस घटनाले सीमावर्ती क्षेत्रमा आपराधिक गतिविधिका लागि नेपाली भूमि प्रयोग भइरहेको आशंकालाई थप बल पुगेको छ ।

पछिल्ला घटनाहरूले नेपाल-भारत खुला सीमाको फाइदा उठाउँदै आपराधिक समूहहरूले अपहरण तथा फिरौतीजस्ता गतिविधि सञ्चालन गरिरहेको देखिएको छ । भारतीय सञ्चारमाध्यमहरूका अनुसार सुरक्षाकर्मीहरूले घटनाको अनुसन्धान गरिरहेका छन् र संलग्न व्यक्तिहरूको खोजी जारी रहेको छ । यसअघि करिब दुई वर्षअघि सोनवर्सा बजारका ३४ वर्षीय इँट्टाभट्टा व्यवसायी अभिषेक कुमार पनि अपहरणमा परेका थिए ।







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday